## लुम्बिनी प्रदेश सरकार

## मिति २०८३/०६/०७ गतेको १७२ औं प्रदेश सचिव बैठकका निर्णयहरु:

१. नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने उद्योग, कृषि, पर्यटन, यातायात, स्वास्थ्य लगायतको सेवामा देखिएका समस्या पहिचान गरी सेवा प्रवाहलाई सरल, सहज र नागरिकमैत्री बनाउने तथा सेवाग्राहीले अनावश्यक रूपमा कार्यालय धाउनुपर्ने अवस्था न्यूनीकरण गर्ने, साथै नागरिकका गुनासा, सुझाव तथा सेवासम्बन्धी समस्याको समयमै सुनुवाइ र सम्बोधन गर्ने व्यवस्था प्रभावकारी बनाउने, बढी गुनासो आउने सेवा तथा कार्यालयको नियमित समीक्षा गरी गुनासोलाई सुधारको आधार बनाउने।

२. कार्यालयको कार्यसम्पादनमा पारदर्शिता, सदाचारता, जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्दै प्रशासनिक ढिलासुस्ती, अनावश्यक प्रक्रिया तथा सेवा प्रवाहमा देखिएका कमजोरी सुधार गर्ने।

३. सार्वजनिक खरिदलाई गुणस्तरीय, पारदर्शी, प्रतिस्पर्धी र मितव्ययी बनाउन खरिद योजना तयार गरी कार्यान्वयन गर्ने, सार्वजनिक खरिदमा सम्भव भएसम्म प्रविधिको उच्चतम् प्रयोगलाई जोड दिने, खरिद प्रक्रियामा हुने ढिलाइ तथा वर्षान्त अर्थात अन्तिम त्रैमासिकमा हुने हतारको खरिद न्यूनीकरण गर्ने।

४. नागरिकलाई एउटै सेवाका लागि विभिन्न कार्यालय तथा शाखामा धाउनुपर्ने अवस्थाको अन्त्य गर्न सम्भव भएसम्म एकल बिन्दुबाट सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने।

५. मन्त्रालय तथा मातहतका निकायको बेरुजुको अवस्था समीक्षा गरी पुरानो बेरुजु फछ्र्यौटलाई प्राथमिकता दिने, बेरुजु उत्पन्न हुने कारण पहिचान गरी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्दै आगामी दिनमा बेरुजु न्यूनीकरण गर्ने गरी लुम्बिनी प्रदेशको शुन्य बेरुजु अभियानलाई सफल पार्ने।

६. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमलाई समयमै कार्यान्वयन गर्ने, न्यून प्रगति भएका कार्यक्रमको कारण पहिचान गर्ने तथा आवश्यक सुधार गर्ने साथै बजेट खर्चसँगै कार्यक्रमबाट प्राप्त नतिजा र नागरिकमा परेको प्रभावलाई समेत कार्यसम्पादन मुल्याङ्कनको आधार बनाउने।

७. कार्यबोझ, कार्यप्रकृति र सेवाको आवश्यकता र औचित्यताका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२ समेतका आधारमा हरेक मन्त्रालय/सचिवालय/आयोगले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति लिई आफ्नो र मातहतका निकायको संगठन तथा व्यस्थापन सर्वेक्षण गरी मुल्याङ्कनका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गरिसक्नुपर्ने।

८. सेवा प्रवाह तथा कार्यालयको काममा सूचना प्रविधिको प्रयोगमा जोड दिंदै अनावश्यक, झन्झटिलो कागजी प्रक्रियालाई न्यूनिकरण गर्ने, सार्वजनिक सेवालाई डिजिटल सेवा प्रवाहमा रुपान्तरण गरी सेवाको गुणस्तर सुनिश्चित गर्ने।

प्रमुख सचिव

९. प्रदेश सरकार मन्त्रिपरिषद्का हालसम्मका निर्णयहरुको कार्यान्वयन अवस्थाको नियमित अनुगमन, मुल्याङ्कन तथा त्रैमासिक रुपमा प्रगति लिने प्रणालीको विकास गर्ने।

१०. सचिवस्तरीय बैठक तथा उच्चस्तरीय तहबाट भएका निर्णयको कार्यान्वयन अवस्थाको नियमित समीक्षा गर्ने, प्रत्येक निर्णयमा जिम्मेवारी र समयसीमा स्पष्ट गरी आगामी बैठकमा प्रगति प्रस्तुत गर्ने तथा निर्णयलाई व्यवहारिक सुधार र देखिने परिणाममा रूपान्तरण गर्ने कार्यसंस्कृति विकास गर्ने।

११. नेपाल मौसम बिज्ञान विभागले गरेको मौसम पूर्वानुमान बमोजिम यही असोज ९ गते शुक्रवार देखि ११ गते आईतबारसम्म लुम्बिनी प्रदेशका विभिन्न स्थानहरुमा भारी तथा अतिभारी वर्षाको सम्भावना देखिएकोले उत्पन्न हुन सक्ने सम्भावित जोखिमलाई न्यूनिकरण गर्न उच्च सतर्कता अपनाउने, विपदबाट हुनसक्ने सम्भावित क्षतिलाई कम गर्न सबै मन्त्रालयले उपलब्ध जनशक्ति र स्रोत साधनको प्रभावकारी परिचालन गर्ने साथै सो अवधिमा कर्मचारीलाई अत्यावश्यक अवस्थामा बाहेक अन्यत्र कामकाजमा नखटाउने र विदा स्वीकृत नगर्ने।

१२. संविधान दिवसको अवसरमा सुरुवात गरिएको प्रदेश प्रशासनिक परिसर भित्रको सरसफाई, वृक्षरोपण तथा बगैचा व्यवस्थापन लगायतका सौन्दर्यीकरण कार्यलाई प्रभावकारी बनाउन देहायका कार्यक्षेत्रगत शर्त सहितको तपसिल बमोजिमको कार्यदल गठन गर्ने।

<u>तपसिल</u>

क) सचिव, कृषि, भुमि व्यवस्था तथा सहाकारी मन्त्रालय

ख) सचिव, शहरी विकास, उर्जा जलस्रोत तथा खानेपानी मन्त्रालय

ग) सचिव, आन्तरिक मामिला, कानून उद्योग तथा यातायात मन्त्रालय

घ) सचिव, वन, वातावरण तथा पर्यटन मन्त्रालय

ङ) सचिव, प्रदेश योजना आयोग

<u>कार्यक्षेत्रगत शर्तहरु</u>

- प्रशासनिक परिसरको नियमित सरसफाई र बगैचा व्यवस्थापन कार्ययोजना र मन्त्रालय/सचिवालय/आयोग/निकायगत कार्यक्षेत्रगत जिम्मेवारी तय गर्ने।
- देउखुरी उपत्यकाको मौसम सुहाउँदो, कम पानी खपत हुने र बाह्रै महिना हरियो रहने स्थानीय तथा आकर्षक फूल, फलफुल र बोटबिरुवाको सूचीकरण र सोको व्यवस्थापन गर्ने।
- वन, वातावरण तथा पर्यटन मन्त्रालयको समन्वयमा प्रशासनिक परिसरमा रहेका सुकेका रुखहरुको उचित व्यवस्थापन गर्ने।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमुख सचिव

- हरित क्षेत्र, हिंड्ने बाटो, पानीका फोहोरा, बस्ने ठाउँ, र खुल्ला व्यायमशालाका लागि उपयुक्त स्थान छनोट र सिफारिस गर्ने साथै छनोट तथा सिफारिस भएका स्थानहरुको नामाकरण लुम्बिनी प्रदेश भित्रका महत्वपुर्ण धार्मिक, ऐतिहाँसिक, साँस्कृतिक तथा पर्यटकीय क्षेत्रको प्रतिनिधित्व हुने गरी गर्ने।
- प्रशासनिक परिसर भित्रका भौतिक संरचनाहरुलाई प्रशासनिक र आवासिय क्षेत्रको रुपमा पुर्ण प्रयोगमा ल्याउने गरी उपयुक्तताको अध्ययन र सिफारिस गर्ने।

१३. कार्यसम्पन्न भएका तर भुक्तानी नभएका योजना तथा आयोजनाहरुको रकमलाई आवश्यक प्रक्रिया पुरा गरी भुक्तानी दिने व्यवस्था सम्वन्धित मन्त्रालयले मिलाउने।

१४. नेपाल सरकारले जारी गरेको सरकारी कार्यालयमा प्रयोग हुने निवेदनको ढाँचा र सोको कार्यान्वयन मार्गदर्शन, २०८३ कार्यान्वयन गर्ने/गराउने।

१५. प्रत्येक सचिव बैठकमा आउँदा महिना भरमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सहजीकरण भएका विषय, सहजीकरण हुन बाँकि विषय र आगामी दिनमा सहजीकरण गर्ने विषय ठोस रुपमा उठान गरी प्रस्तुत गर्ने।

१६. हरेक मन्त्रालयहरुले नेपाल सरकारसँग समन्वय गर्नुपर्ने, राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा निर्णयका लागि पठाउनु पर्ने तथा नेपाल सरकार सचिव बैठकमा पेश गर्नुपर्ने एजेण्डाहरुको सूची मासिक रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

१७. प्रदेशका दीर्घकालीन क्षेत्रगत रणनीतिहरु, दोस्रो आवधिक योजनाले निर्देश गरेका रणनीतिहरु र कार्यनीतिहरुलाई केन्द्र विन्दुमा राखी योजना/कार्यक्रम बनाउने र सोही अनुसार कार्यान्वयन गर्ने।

लुम्बिनी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

प्रमुख सचिव